# जुगल गाउँपालिका

## स्थानिय राजपत्र

| | | |
|---|---|---|
| खण्ड -७ | संख्या —४ | कार्यपालिकाबाट स्वीकृत २०८२।०२ २३ |

## भाग २(ङ)

# मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि कार्यविधि, २०८२


जुगल गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

बराम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि कार्यविधि, २०८२

**प्रस्तावनाः** नेपाल सरकारबाट जारी गरिएको मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ नियमावली, २०६५ तथा मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७० को व्यवस्थालाई स्थानीयकरण र समायोजन गरी मानव बेचविखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा स्थानीय समिति गठन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (३२) बमोजिम मानव बेचविखन तथा ओसार पसार नियन्त्रण गर्न, बैदेशिक रोजगारीमा रहेका साथै उच्च जोखिम र पिडित व्यक्तीहरुको उद्धार तथा संरक्षण गर्न, पिडित वा प्रभावित व्यक्तीहरुको क्षमता विकास तथा स्वरोजगार सिर्जना गर्न साथै मानव बेचबिखन जस्ता सामाजिक कुरीति अन्त्य गर्न स्थानीय सरकारको तर्फबाट नीतिगत, कानुनी र सस्थागत प्रबन्ध गर्न यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम **"मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यविधि" २०८२** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि जुगल गाउँपालिका भित्र मानव बेचविखन तथा ओसारपसारका क्षेत्रमा कामगर्ने सरकारी तथा गैर सरकारी संस्थाहरुमा समेत लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "गाउँपालिका" भन्नाले जुगल गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) "वडा कार्यालय" भन्नाले जुगल गाउँपालिकाको नं १ देखि ७ सम्मका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँकार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) "वडाध्यक्ष" भन्नाले जुगल गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) "कोष" भन्नाले जुगल गाउँपालीकाले स्थापना गरेको दफा ९ बमोजिमको "मानव बेचविखन तथा नियन्त्रण विरुद्धको कोष" लाई जनाउँछ ।

(झ"समिति" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

ञ) "वडा समिति" भन्नाले दफा ५ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ट) "ऐन तथा नियमावली" भन्नाले नेपाल सरकारबाट जारी गरिएको मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ जनाउँछ ।

(ठ) "**सुरक्षित आवास केन्द्र**" भन्नाले जुगल गाउँपालिका भित्र स्थायी बसोवास गर्ने स्वदेश वा विदेशमा रोजगारीमा गएका/ फर्कीएका, मानसिक सन्तुलन गुमाएका, जोखिममा परेका महिला तथा किशोरीहरु, बालबालिकाहरु, मानव बेचविखनमा परेका, उद्धार गरिएका साथै शारीरिक वा मानसिक उपचार गराउनु पर्ने अवस्था भएका व्यक्तीहरुलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनका लागि बनाइएको घरलाई जनाउँछ ।

## परिच्छेद-२

### गाउँपालिका स्तरीय समिति सम्बन्धी व्यवस्था

**३. मानव बेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति गठन व्यवस्थापन :**

गाउँपालिका भित्र मानव बेचविखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र पिडित प्रभावितको संरक्षण र पुनर्स्थापना गर्न देहाय बमोजिमको मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति रहने छ ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

घ) सामाजिक विकास समिति संयोजक - सदस्य

ङ) इलाका प्रहरी कार्याल प्रमुख - सदस्य

च) प्रधानाध्यापक, स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको विद्यालय - सदस्य

छ) संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र - सदस्य

ज) मानव बेचविखन तथा ओसारपसार विरुद्ध गाउँपालिकामा क्रियाशील व्यक्ति वा संस्थाको प्रतिनिधि २ जना — सदस्य

झ) मानव बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेको एक जना (उपलव्ध भएसम्म)- सदस्य

ञ) न्यायीक शाखा प्रमुख — सदस्य

ट) बाल सञ्जाल प्रतिनिधी — सदस्य

ठ) स्वास्थ्य शाखा प्रमुख — सदस्य

ड) अस्पताल प्रमुख वा प्रतिनिधि - सदस्य

ढ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख — सदस्य सचिव

**४. समितिको काम कर्तव्य र अधिकार :**

(१) जुगल गाउँपालिका भित्र मानव बेचविखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।

(२) जुगल गाउँपालिका भित्र मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित तथ्याङ्क संकलन तथा अभिलेख अद्यावधिक गर्ने र नियमानुसार जिल्ला समिति, प्रदेश सरकार तथा राष्ट्रिय समितिलाई तथ्याङ्क उपलब्ध गराउने ।

(३) पिडितको उद्धार, संरक्षण, न्याय तथा पुनर्स्थापनाका लागि अन्तर स्थानीय तह तथा विभिन्न संघसस्थाहरुसँग आवश्यक समन्वयको कार्य गर्ने ।

(४) जोखिम रहेका व्यक्तीको तत्काल उद्धार, र संरक्षणका लागि पुनर्स्थापनाको कार्य गर्ने ।

(५) स्थानीय स्तरमा पिडित सहायता तथा मानव बेचविखन विरुद्धका कार्यक्रमहरु संचालनका लागि मानव बेचविखन तथा नियन्त्रण सम्बन्धि कोष स्थापना र सञ्चालन गर्ने ।

(६) बैदेशिक रोजगारीको सिलसिलामा पिडित भएका व्यक्तीहरुको पहिचान भई त्यस्ता व्यक्तिहरुको उजुरी वा निवेदन प्राप्त भएमा उद्धार तथा सहायताका लागि राष्ट्रिय समितिमा प्रेषण तथा समन्वय र सहकार्य गर्ने ।

(७) सरोकारवालाहरूमाझ समन्वय, सहकार्य अभिबृद्धि गर्ने र पिडित व्यक्तीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

(८) गाउँपालिका मार्फत् सञ्चालन गरिने रोजगार प्रवर्द्धन, महिला विकास, बालअधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास जस्ता समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका व्यक्तीहरूलाई लक्षित गरी सञ्चालन गर्ने/गराउने ।

(९) गाउँपालिका भित्र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि भए गरेका कार्यक्रमहरूको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र गाउँसभामा पठाउने ।

(१०) गाउँपालिका भित्र जोखिम क्षेत्रहरुको पहिचान अनुगमन गरि पिडितको न्यायमा पहुँच अभिवृद्धि गर्न आवश्यक योजना कार्यक्रम तथा बजेट तयार गरि पेश गर्ने ।

(११) मानव बेचविखन तथा ओसारपसार विरुद्ध स्थानीय स्तरमा कार्यरत संघ सस्था र निजि क्षेत्रहरुसंग समन्वय, सहकार्य गरी आयमुलक, सिप मुलक र रोजगारमुलक कार्यक्रम संचालन र अनुगमन गर्ने ।

(१२) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-३

### वडा समिति तथा बैठक सम्बन्धी व्यवस्था

**५. वडा समिति :**

क) वडा अध्यक्ष — संयोजक

ख) दलित महिला सदस्य — सदस्य

ग) स्थानीय प्रहरी प्रमुख/ प्रतिनिधि — सदस्य

घ) वडाभित्रका सामूदायिक विद्यालयहरूमध्ये वडा अध्यक्षबाट मनोनित एकजना प्रधानाध्यापक १ जना — सदस्य

ङ) स्वास्थ्य संस्था प्रतिनिधि — सदस्य

च) मानव बेचविखन विरुद्ध क्रियाशिल गैसस प्रतिनिधी — सदस्य

छ) वडा बाल सञ्जाल प्रतिनिधि — सदस्य

ज) वडाभित्र क्रियाशिल महिला संजाल वा आमा समुहबाट वडाध्यक्षले तोकेको २ जना- सदस्य

झ) सम्बन्धित वडाको मेलमिलाप केन्द्र संयोजक १ जना - सदस्य

ञ) वडा सचिव — सदस्य सचिव

**६.वडा समितिको काम, कर्तव्य र अधिकार :**

(१) वडा भित्र जोखिम रहेका व्यक्तीहरुको पहिचान गरि तथ्याङ्क संकलन, अभिलेख अद्यावधिकका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने ।

(२) जोखिम रहेका व्यक्तीको तत्काल उद्धार, संरक्षणका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

(३) मानव बेचविखन तथा ओसारपसार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने / गराउने ।

(४) वडा स्तरमा क्रियाशिल संघसंस्था सरोकारका निकायहरूविच आवश्यक समन्वय गर्ने ।

(५) विभिन्न निकायहरूको समन्वय सहकार्यमा मानव बेचविखन नियन्त्रण, पिडितको उद्धार, संरक्षण, न्याय तथा पुनर्स्थापनाका कार्यमा सहयोग गर्ने ।

(६) वडाभित्र भए गरेका कार्यक्रमहरूको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र गाउँपालिकामा पठाउने ।

(७) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

__७. बैठक सम्बन्धी कार्यविधि :__ स्थानिय समिति तथा वडा समितिको बैठकसम्बन्धी कार्यविधि देहायबमोजिम निर्धारण गरिएको छ :–

(१) समितिको बैठक कम्तिमा वर्षको ३ पटक तथा आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य–सचिवले बोलाउने छ ।

(३) सदस्य–सचिवले समितिको बैठक बस्ने सूचना र छलफल हुने विषयहरूको सूची १ दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा निजले तोकेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुने छ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमानसुार हुनेछ ।

## परिच्छेद-४

## सुरक्षित आवस केन्द्र संचालन

**८. सुरक्षित आवास केन्द्रः** (१) जुगल गाउँपालिका भित्र स्थायी बसोवास गर्ने मानव बेचविखनमा परेका, उद्धार गरिएका साथै शारीरिक वा मानसिक उपचार गराउनु पर्ने अवस्था भएका व्यक्तीहरुलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनका लागि जुगल गाउँपालिकाले आवश्यकतानुसार सुरक्षित आवास केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम गठित सुरक्षित आवास केन्द्रको संचालन तथा व्यवस्थापनको लागि दफा ३ बमोजिमको स्थानीय समितिले निम्नानुसार काम, कर्तब्य र अधिकार प्रयोग गर्नेछः

(क) न्यायिक समिति, प्रहरी कार्यालय र सरोकारवाला निकायबाट जोखिममा रहेका, हिंसा पिडीत महिला, किशोरी र बालबालिकाहरु पहिचान गरी संरक्षण तथा उद्धारका लागि आवास केन्द्रमा राख्ने ब्यवस्था गर्ने ।

(ख) सुरक्षित आवास केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगतिको प्रतिवेदन कार्यपालिकामा प्रत्येक चार/चार महिनामा बुझाउने ।

(ग) सुरक्षित आवास गृहको सुरक्षा व्यवस्थाको अनुगमन निरिक्षण गर्ने कार्य गर्ने ।

(घ) महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्वन्धी कार्य गर्ने ।

(ङ) महिला तथा किशोरीहरुका लागि आवश्यक अन्य सीप, साधन श्रोत र सुरक्षा सम्वन्धी आवश्यक प्रबन्ध गर्ने।

(च) गाउँसभाबाट तोकिएको मापदण्ड अनुसार खर्च गर्न स्विकृत गर्ने ।

(छ) मानव बेचविखनमा परेका, जोखिममा रहेका, हिंसा पिडीत महिला किशोरी र बालबालिकाहरुलाई अन्तर स्थानीय तह तथा विभिन्न संघसस्थाहरुसँग आवश्यक समन्वय गरि अन्य स्थानमा पठाउनु पर्ने भएमा सिफारिस गर्ने ।

(ज) सुरक्षित आवास केन्द्र संचालनमा संस्थाको सिफारिसमा व्यवस्थापन समितिको सहमतिमा बजेट र कार्यक्रमको परीधिभित्र रही सेवा करारमा जनशक्ती व्यवस्थापन गर्ने ।

## परिच्छेद-५
## कोषको व्यवस्था तथा परिचालन

**९. कोषको व्यवस्थाः**

१) समितिको नाममा छुट्टै मानव बेचविखन तथा ओसारपसार नियन्त्रण कोष रहनेछ । कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) संघ, प्रदेश वा गाउँपालिकाले जम्मा गरेको रकम ।

ख) विभिन्न संघसंस्था, दाता वा समाजसेवीहरुबाट प्राप्त रकम ।

ग) अन्य स्रोतहरु

२) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

३) कोषमा रहेने रकम कुनै वाणिज्य बैङ्कमा खाताखोलि जम्मा गरिनेछ ।

४) कोषको सञ्चालन गाउँपालिका उपाध्यक्ष तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखको संयुक्त दस्तखतमा संचालन गरिनेछ ।

५) कोषको रकम समितिको निर्णय बमोजिम मानव बेचविखन तथा ओसारपसार नियन्त्रण तथा उद्धार, पुनस्थापना, प्रशासनिक, जीविकोपार्जन, साझेदारी कार्यक्रम, सचेतनामूलक कार्यक्रम लगायत अन्य उपयुक्त क्षेत्रमा खर्च गर्न पाउनेछ ।

## परिच्छेद-६
## विविध

**१०. लेखा र लेखा परिक्षणः** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ।

(२) समितिको आन्तरिक र अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**११. प्रगति प्रतिवेदन** : समितिबाट भए गरेका काम कारवाहीको चौमासिक प्रगति प्रतिवेदन ७ दिन भित्र तथा बार्षिक प्रगति आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र सम्बन्धि समितिले गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ । साथै सो प्रतिवेदन राष्ट्रिय समिति तथा प्रदेश र जिल्ला समितिमा समेत पठाउनु पर्नेछ ।

**१२. संशोधन वा ब्याख्या :** यस कार्यविधिको संशोधन गर्ने अन्तिम अधिकार कार्यपालिकालाई हुनेछ ।

**१३.बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा सोको समाधानका लागि गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**१४. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघिय र प्रदेश कानुनसंग बाझिएको हदसम्म संविधान र प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत